रसुवा-भोटेकोशी लेदोसहितको बाढी: खोज, उद्धार तथा राहत प्रतिकार्य


स्थिति प्रतिवेदन # २३

मिति : २०८३ भदौ २८ गते, साँझ ७:०० बजेसम्म

यो प्रतिवेदन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) ले जिल्ला प्रशासन कार्यालय, जिल्ला तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूबाट प्राप्त विवरणका आधारमा तयार गरेको हो। प्रतिवेदनमा रसुवाको भोटेकोशी बाढीबाट सिर्जित अवस्थाको खोज, उद्धार तथा राहत व्यवस्थापनका क्रममा भएका प्रतिकार्यहरू समेटिएका छन्।

मुख्य विवरण

- मिति २०८३/०५/२५ गतेको मन्त्रिपरिषद् बैठकले गृह मन्त्रालयको प्रस्ताव बमोजिम रसुवा, नुवाकोट, धादिङ, तनहुँ र गोरखा जिल्लाका १५ स्थानीय तहमा घर पूर्णरूपमा क्षति भई बसोबास अयोग्य भएका परिवारलाई बसोबास र जीविकोपार्जनका लागि तत्काल नगद राहत उपलब्ध गराउने निर्णय गरेको छ; सोअनुसार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले निर्णयानुसार कार्य हुन सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूमा पत्राचार गरिसकेको छ।



- यस निर्णयानुसार चार जनासम्म सदस्य भएको परिवारलाई प्रतिमहिना रु. १५,००० र चार जनाभन्दा बढी सदस्य भएमा प्रत्येक थप सदस्यका लागि प्रतिमहिना रु. २,००० थप गरी वैकल्पिक बसोबासको व्यवस्था नभएसम्म बढीमा छ महिनासम्म नगद राहत उपलब्ध गराइनेछ; यो सुविधा होल्डिङ सेन्टरमा नबसी आफ्नै तवरले अस्थायी बसोबास व्यवस्थापन गर्न चाहने प्रभावित परिवारका लागि मात्र लागू हुनेछ।
- यदि कुनै परिवारले उक्त नगद राहत सुविधा लिन नचाहेमा, स्थायी आवास निर्माण नभएसम्म सरकारद्वारा नै अस्थायी आवासको व्यवस्था गर्ने विकल्प पनि उपलब्ध गराइएको छ; यस सम्बन्धमा आवश्यक विवरण संकलनका लागि सबै सम्बन्धित स्थानीय तहमा फाराम पठाइसकिएको छ।
- सरकारले प्रारम्भिक क्षति तथा नोक्सानी मूल्याङ्कन सम्पन्न गरिसकेको छ भने विस्तृत आवश्यकता मूल्याङ्कन (PDNA) प्रक्रिया हाल जारी रहेको छ, जसका आधारमा आवश्यक स्रोत सुनिश्चित गरी पुनर्निर्माण तथा पुनर्स्थापना कार्यलाई तीव्रताका साथ अघि बढाइनेछ।
- विभिन्न १९ वटा स्वास्थ्य संस्थाहरूमा कुल ३३९ जना बिरामीको उपचार भएको, जसमध्ये २७१ जना डिस्चार्ज भएका छन्, ३२ जना उपचाररत छन्, ३२ जनालाई अन्य अस्पतालमा रिफर (प्रेषण) गरिएको छ भने उपचारका क्रममा ४ जनाको मृत्यु भएको छ।
- रसुवा जिल्लाबाट प्राप्त विवरण अनुसार विभिन्न ९ वटा होल्डिङ सेन्टरमा ८२५ जना, नुवाकोट जिल्लाका २२ वटा होल्डिङ सेन्टरमा १,६१३ जना र धादिङ जिल्लाका २ वटा होल्डिङ सेन्टरमा ९४ जना प्रभावितहरूले आश्रय लिइरहेका छन्। कुल ३३ वटा होल्डिङ सेन्टरमा २,५३२ जना प्रभावितहरू आश्रय लिइरहेका छन्।
- सेल्टर क्लस्टरका ३ वटा साझेदार बैठकहरू सम्पन्न भई"पुनःस्थापना तथा सेल्टर व्यवस्थापन कार्ययोजना, २०८३"र विस्तृत क्षति आकलन कार्ययोजना तयार गरिएको।
- सहरी विकास तथा भवन निर्माण विभाग र साझेदार संस्थाहरूको सहकार्यमा १-कोठे, २-कोठे र ३/४-कोठे आपत्कालीन संक्रमणकालीन आवासका विभिन्न नमूना डिजाइन (Prototype Options) तयार गरी छलफल सम्पन्न गरिएको।
- नेपालमा पहिलोपटक भोटेकोशी बाढीपछि जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र (CHWRR) को नेतृत्वमा टिमुरेमा

नदी सतहभन्दा करिब ७० मिटर माथि CCTV क्यामेरा जडान गरी नदी अवस्थाको प्रत्यक्ष अनुगमन सुरु गरिएको छ। यसको लाइभ फिड CHWRR को २४ सै घण्टा सञ्चालित बाढी पूर्वानुमान सेवासँग जोडिएको छ।

- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा रहेको Situation Room बाट प्रत्येक स्थानीय तह/वडासँग सिधै सम्पर्क गरी प्रत्येक दिन पालिकागत 'रिपोर्ट कार्ड' (अवस्था र आवश्यकता समेटिएको) तयार गर्ने गरिएको छ।
- केन्द्रीय कमाण्ड पोस्ट र रसुवा, नुवाकोट तथा धादिङ जिल्लाका जिल्लास्तरीय कमाण्ड पोस्टहरूबीच हालसम्म भइरहेको खोज, उद्धार, राहत वितरण तथा प्रभावित परिवारहरूका लागि अस्थायी आवास व्यवस्थापन सम्बन्धी भर्चुअल समीक्षा बैठक सम्पन्न भएको छ।
- हरेक दिन मनसुन प्रतिकार्य कमाण्ड पोष्टको बैठक र परिचालन टोली (Mobilization Team) को ब्रिफिङ बैठक आयोजना गरी तोकिएको जिम्मेवारी (TOR) र सो अनुसार सम्पादित कार्यहरुका साथै समस्या, चुनौती तथा समाधानका प्रयासहरूबारे छलफल हुने व्यवस्था मिलाइएको छ।

खोज तथा उद्धार

विभिन्न जलविद्युत आयोजनामा भइरहेको खोज तथा उद्धार कार्य

आयोजना	गरिएका कार्य
रसुवागढी (१२० मे.वा.)	• खोज तथा उद्धार कार्यलाई निरन्तरता दिनको लागि Heavy equipment को आवश्यकता रहेकोमा भौगोलिक अवस्थाको कारण ढुवानी गर्न कठिनाई भएको। • नेपाली-५ र अष्ट्रेलियन DART टिम-४ जनाको संयुक्त टोलीले खोजी कार्य गरी फिर्ता भएको। • खोज तथा उद्दार कार्य निरन्तर भइरहेको।
लाङ्गटाङ्ग (२० मे.वा.)	• निकास मार्गबाट अर्कोतर्फ जाने स्थानको करिब १० मिटर लम्बाई, ३ फिट चौडाइ र ४ फिट उचाइको प्रवेशद्वारमा माटो तथा ठूला चट्टानहरु फेला परेको हुँदा त्यसलाई पन्छाउने कार्य भइरहेको। • टनेलभित्र खोजी कार्य गरेकोमा केही पनि फेला नपरेको। • खोज तथा उद्दार कार्य निरन्तर भइरहेको।
चिलिमे (२२ मे.वा.)	• चिलिमे जलविद्युत आयोजनाको टनेलसम्म Heavy Equipment लैजानको लागि चट्टानी भू-भाग ब्लाष्टिङ्ग गरिएको र उक्त स्थानसम्म जाने सडकको ८५ मिटर ट्रयाक निर्माण सम्पन्न गरेको। • टनेलभित्र करिब ७० मिटरसम्म Debris हटाउने कार्य भएको। • खोज तथा उद्दार कार्य निरन्तर भइरहेको।
माथिल्लो त्रिशुली-१ (२१६ मे.वा.)	• अडिट-३ टनेलबाट हाल पानी बाहिर आइरहेको हुँदा टनेलभित्र थप प्रवेश गर्दा जोखिम बढाएको। • हाकुबेशीस्थित अडिट 1 टनेलमा आयोजनाका प्रतिनिधि सहित नेपाली सेना-५ जनाको टोलीले टनेलको २०० मिटर भित्रसम्म खोजतलास गर्दा केही पनि फेला नपरेको। • नेपाली सेना-१ र अष्ट्रेलियन-९ जनाको टिमद्वारा माथिल्लो त्रिशुली-१ को Audit-3 मा खोज तथा उद्धार कार्य भएको। • Audit 3 मा खोज तथा उद्दार कार्य भइरहेको।
त्रिशुली ३ ए (६० मे.वा.)	• अबिरल बर्षाको कारण 3A पावर हाउस छिर्ने टनेल वरिपरिबाट पहिरो गएर भित्र छिर्ने मुख बन्द भएको र उक्त मुख खोल्ने कार्य भइरहेको। • खोज तथा उद्दार कार्य निरन्तर भइरहेको।
त्रिशुली ३ बी (३७ मे.वा.)	• आयोजनाको आवास गृह गहिराईसम्म पुगी खोजी कार्य भइरहेको। हाल नदीको सतह समुन्द्र सतहबाट ६५३ मिटर भएतापनि उत्खनन ६५१ मिटर गहिराईसम्म गर्दा पनि भवनको संरचना नभेटिएको। • उत्खनन् कार्य निरन्तर जारी रहेको।

- गल्छी-त्रिशुली सडक खण्ड अन्तर्गत देवीघाटस्थित तादी नदीमा Acrow bridge जडान गर्दा बाँकी रहेका Launching Nose, Parts/Accessories हरु नं. १ सैन्य तालिम केन्द्रमा भण्डारण गर्ने कार्य भइरहेको।
- ३ वटा एक्स्क्याभेटर (Excavator), ३ वटा ब्याकहो लोडर (Backhoe Loader) र ३ वटा टिपरको प्रयोग गरी देवीघाट क्षेत्रमा, ३ वटा एक्स्क्याभेटर, २ वटा ब्याकहो लोडर र २ वटा टिपरमार्फत ढुङ्गे क्षेत्रमा तथा २ वटा एक्स्क्याभेटर र १ वटा टिपरको प्रयोग गरी गल्छी क्षेत्रमा भग्नावशेष पन्छाउने कार्य निरन्तर भइरहेको छ।


रसुवा बाढीसम्बन्धी खोज, उद्धार तथा राहत अपडेट २०८३

मिति : २०८३ भदौ २८ गते, साँझ ७:०० बजेसम्म

यो तथ्यांक जिल्ला प्रशासन कार्यालय तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूबाट प्राप्त विवरणका आधारमा तयार गरेको हो।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

मानवीय क्षति *(मृत्यु संख्या विभिन्न मानव अङ्ग सहित)*



कुल मृत्यु १,३८८

उपचार / डिस्चार्ज

३३९ / २७१

विभिन्न १९ वटा अस्पतालमा

- विभिन्न सुरक्षा निकायबाट भएको उपचार: **९,३१४**

नेपाली सेना
हवाई उडान

१,५१६ *आज ३४ उडान*

३२० सशस्त्र प्रहरी बल, नेपालद्वारा भएका उडान

कुल उद्धार

१३,७२८


डिएनए नमूना संकलन

१,२८६ मृतक
१,८४६ आफन्त

शवहरूको विवरण

३३४ महिला
५४२ पुरुष
५१२ आंशिक अंग

बेपत्ता



कुल बेपत्ता ५,१३०

** हालसम्म सनाखत भएका शवको संख्या १०४ घटाइएको*

३३ होल्डिङ सेन्टर

हाल होल्डिङ सेन्टरमा रहेका

नुवाकोट : १,६१३
रसुवा : ८२५
धादिङ : ९४

इन्धन मौज्दात *(लिटरमा)*

डिजल ३३ हजार
पेट्रोल १८ हजार
हवाई इन्धन १५ हजार

** हालसम्म ५०२ ग्याँस सिलिन्डर पठाइएको।*


राहत सामग्री वितरण

- सडक र हवाइमार्गमार्फत खाद्य र गैरखाद्य सामग्री प्रभावित जिल्लामा निरन्तर पठाइएको। सोको विस्तृत विवरण प्राधिकरणको सेतु एपमा राखिएको छ ।
- राहत सामग्री व्यवस्थापनमा सरकारी/गैरसरकारी/निजी/विकास साझेदार तथा नागरिक समाज लगायतको निरन्तर सहयोग रहेको।

पुल

- नुवाकोटको देवीघाटमा एक्रो ब्रिज जडान गरी संचालनमा आएको ।

खोज, उद्धार सामग्री खरिदका लागि थप बजेट निकासा



नेपाल सरकारबाट थप नगद राहत

- होल्डिंग सेन्टरमा बस्न नचाहने परिवारलाई बैकल्पिक बसोबासको व्यवस्था नहुन्जेल बढीमा ६ महिनासम्म बसोबास र जिविकोपार्जनका लागि ४ जनासम्मको परिवारलाई प्रति परिवार मासिक **१५ हजार** र परिवारमा सो भन्दा बढी सदस्य भएमा प्रति सदस्य थप **२ हजार** प्रदान गरिने ।





**डिएनए परीक्षणका लागि सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा २ वटा फोटो र नाता प्रमाणितसहित नमूना दिन सकिने।*

सम्पर्कविहीनको उल्लेखित संख्यामा पहिचान नभएका शवहरू एवम् उद्धार गरिएका व्यक्तिहरू पनि समावेश भएको हुनसक्ने। उक्त तथ्यांक स्थलु गर्ने कार्य भइरहेको छ।

- शव निकाल्न/शव व्यवस्थापनमा लागि नेपाली सेनाको तर्फबाट सहयोगको कार्य भइरहेको।
- नेपाली सेना र भारतीय सेनाको संयुक्त टोलीबाट चिलिमे जलविद्युत आयोजनाको टनेल ब्रेक थ्रु र बाटो खोल्ने कार्य भईरहेको। नेपाली सेना-१५ र भारतीय टोली-१२ (NDRF सहित) जनाको संयुक्त टिमले चिलिमे जलविद्युत आयोजनाको टनेलभित्र खोज तथा उद्धार कार्य गरेको।
- ३x डार्ट टिम ड्रोन सहित लाङ्गटाङ्ग जलविद्युत आयोजनाको अवलोकन तथा टनेल भित्र खोजी कार्य पश्चात् त्रिशुली फिर्ता भएको।
- नुवाकोट जिल्ला, विदुर न.पा.९ स्थित इन्द्रायणीघाटमा मित्रराष्ट्र अष्ट्रेलियाको DART Team का ३ जनाले ड्रोन सम्बन्धी तालिम प्रदान गरी काठमाडौं फिर्ता भएको।

सडक, पुल तथा यातायात क्षेत्र

१. पृथ्वी राजमार्ग

- मुग्लिङ -मलेखु खण्ड: कृष्णभीरमा कटान (toe cutting) का कारण यातायात पूर्ण रूपमा अवरुद्ध। भित्तापट्टि (Hill side) तर्फ excavation गरी २५० मिटर ट्रयाक खोलिइ ग्रावेलिंग कार्य शुरु गरिएको छ| साथै, फिसलिङ पुल हुँदै बेनीघाट पुल निस्कने वैकल्पिक मार्गको काम सुरु गर्न लागिएको छ। शितल बजारस्थित सडक एकतर्फी मात्र सञ्चालनमा।

वैकल्पिक मार्गहरू (काठमाडौँ प्रवेशका लागि):

- मार्ग १: आबुखैरेनी – १२ किलो – मसानेठाँटी – खहरे – निवेल – ग्याम्पेशाल – आरुघाट – सल्यानटार – धादिङबेँसी – परेवाटार – गजुरीतार – मासटार हुँदै काठमाडौँ।
- मार्ग २: आबुखैरेनी – १२ किलो – मसानेठाँटी – खहरे – निवेल – ग्याम्पेशाल – आरुघाट – सल्यानटार – धादिङबेँसी – सुनौलाबजार – कल्लेरी – मासटार हुँदै काठमाडौँ।
- मार्ग ३: आबुखैरेनी – १२ किलो – मसानेठाँटी – खहरे – निवेल – ग्याम्पेशाल – आरुघाट – बेनीघाट हुँदै काठमाडौँ।

त्रिभुवन राजमार्ग

- नागढुङ्गा र पातालेवन नजिक गएको पहिरोका कारण सडक अवरुद्ध भई एकतर्फी सञ्चालनमा रहेको। नागढुङ्गा सुरुङमार्गबाट यातायात सुचारु गरिएको।

गल्छी - देवीघाट - त्रिशूली खण्ड

- गल्छी - देविघाट खण्ड: ठूली खोला नजिक सडकमा लेदो सफा गरी यातायात सुचारु । रातमाटे क्षेत्रमा back cutting को कार्य चालु अवस्थामा रहेको थप २ वटा मेशिन परिचालन, कोल्फु पुलमा साधारण मर्मत पश्चात एक लेनमा गाडी संचालन रहेको।
- देवीघाट–ढुंगे खण्ड: सडक अवस्था सञ्चालनयोग्य/क्लियर रहेको छ।
- ढुङ्गे-त्रिशूली खण्ड: पूर्ण रूपमा क्लियर/सञ्चालनयोग्य (All Clear) रहेको छ।

विदुर - बेत्रावती खण्ड

- कूल १० किमिमध्ये ९.२ किमि सडक खुला (Clear) बाँकी ०.८ किमि पूर्ण रूपमा बगेकाले नयाँ ट्रयाक तयार गर्ने कार्य जारी। ०.५ किमि कडा चट्टान काटी सडक तयार गर्ने कार्य भइरहेको र ग्राभेल गर्ने कार्य शुरु भएको छ। नयाँ र पुरानो ट्रयाकमा पहिरो तथा दलदलको समस्या कायमै। बेत्रावतीमा Bailey Bridge को लागि जग खन्ने कार्य शुरु भएको।

धादिङ र रसुवा जोड्ने वैकल्पिक मार्गहरू

- धादिङ जोड्ने मार्ग: धादिङबेसी -परेवाटार - नेपालटार - गजुरीटार - पिपलटार - आदमतार - वेलिनटार - केउरिनीटार हुँदै मासटार (धाम्लेट रेस्टुरेन्ट) पृथ्वी राजमार्ग जोड्ने सडक सञ्चालनमा आई सदरमुकाम सडक सञ्जालमा जोडिएको (सडक विभागबाट मर्मत जारी)।
- रसुवा जोड्ने मार्ग: त्रिशुली-बेत्रावती खण्ड क्षतिग्रस्त भएकाले ढिकुरे (मध्य पहाडी राजमार्ग) - फेदी बेसी चोक - हिरामुनिटार - चोगते - बोरे भञ्ज्याङ - सानो खोला (रसुवा) -धनस्वारा - भोर्ले - जिबजिबे -बोगटीटार (पासाङ ल्हामु राजमार्ग) सडक डिभिजनमार्फत मर्मत

भइरहेको। यातायात संचालन भइरहेको छ।

देविघाट पुलको विकल्प र त्रिशुली नदी पारिको खण्ड

- देविघाट पुलको विकल्प: पिपलटार (गल्छी त्रिशुली राजमार्ग) - पासाङ ल्हामु राजमार्ग - धमले - निरञ्जना - बाघखोर-हर्रे- देउराली - कोल्पुटार (गल्छी त्रिशुली राजमार्ग) सडक चालु अवस्थामा रहेको र मर्मत कार्य समेत जारी।
- त्रिशुली नदी पारिको खण्ड: नुवाकोटको त्रिशुली नदी पारिको भूभाग जोड्न गल्छी (गल्छी त्रिशुली राजमार्ग) - त्रिशुली पुल पारिबाट त्रिशुली नदीको दायाँ किनारतर्फ कल्लेरीटार - कोशीखोला - पिमलटार - दर्शनटार - छत्रेखोला -गौरीबेसी -त्रिशुली बजार चालु अवस्थामा रहेको र मर्मत भइरहेको।

सञ्चार क्षेत्र

- नेपाल टेलिकम: १२० मध्ये ११७ BTS टावर सञ्चालनमा छन्।
- एनसेल: ७८ मध्ये ७६ BTS टावर सञ्चालनमा छन्।
- कुल २९ थान स्याटेलाइट इन्टरनेट टर्मिनलहरू मध्ये हालसम्म नुवाकोटमा ६ थान र रसुवामा ४ थान जडान भई सञ्चालनमा रहेका छन् ।
- चिलिमे खोला, त्रिशुली 3B र उत्तरगया-१ (तिरू) मा विद्युत अभावका कारण सेवा अझै अवरुद्ध छ।

स्वास्थ्य संस्थाहरूमा उपचाररत घाइतेहरूको विवरण

स्वास्थ्य संस्थाको नाम	जम्मा	उपचाररत	रेफर गरिएको	डिस्चार्ज भएको	मृत्यु
१. रसुवा जिल्ला अस्पताल, धुन्चे	८१	-	२७	५३	१
२. त्रिशूली अस्पताल, बिदुर, नुवाकोट	१८	-	१	१६	१
३. आयुर्वेदिक अस्पताल, पिपलटार, नुवाकोट	२०	-	-	२०	-
४. राष्ट्रिय ट्रमा सेन्टर, महाबौद्ध	५०	६	१	४२	१
५. श्री वीरेन्द्र अस्पताल, छाउनी	४	१	-	३	-
६. टिचिङ अस्पताल (TUTH), काठमाडौं	८३	१३	१	६८	१
७. NAMS/वीर अस्पताल, महाबौद्ध	२६	४	१	२१	-
८. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर	२	१	-	१	-
९. परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, थापाथली	२२	३	-	१९	-
१०. नेपाल एपीएफ अस्पताल, बलम्बु	८	१	-	८	-
११. मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताल, स्वयम्भू	३	-	-	३	-
१२. नर्भिक इन्टरनेशनल अस्पताल, थापाथली	३	-	-	३	-
१३. शुभम इन्टरनेशनल अस्पताल, मनमैजु	३	-	-	३	-
१४. ग्रीनसिटी अस्पताल, टोखा	४	१	१	२	-
१५. ह्याम्स अस्पताल, धुम्बाराही	१	-	-	१	-
१६. चिरायु राष्ट्रिय अस्पताल	४	२	-	२	-
१७. ग्रान्डे इन्टरनेशनल अस्पताल, टोखा	३	-	-	३	-
१८. बी एण्ड बी, ग्वार्को	३	१	-	२	-
१९. धादिङ अस्पताल प्रा. लि., आदमघाट, गजुरी	१	-	-	१	-





रसुवाबाट वितरण भएका सामग्रीको विवरण

Category	Product	Unit	Total In	Total Out
Energy	Generator	set	3	0
Food Item	Aata (Flour)	kg	1210	403
	Biscuit	packet	5061	7215
	Chiura	kg	23045	3758
	Cooking Oil	lit	13436	6326
	Dal	kg	21803	7799
	Dry Foods	kg	3252	6002
	Egg	carate	50	20
	Rice	kg	201260	110506
	Salt	kg	29033	4739
	Sugar	kg	2300	1259
	Water Boiler	pcs	4	4
	Dry Fruits	packet	2421	0
	Ready to Eat Food	kg	1692	152
Health & Medical	First Aid Kit	Kit	59	3
	Iron & Folic Acid	Tablet	1500	0
	Jeevan jal	pcs	170	0
	Medical Kit	Kit	66	0
	Medical Set	Kit	13	1
	SUTKERI	pcs	50	5
	Water purification Tablet	Tablet	0	40
	ORS	packet	1010	0
	Soap	pcs	312	0
Household / NFI	Bed and Pillow Cover	pcs	400	0
	Bed Seat	bora	2	0
	Bed seat and Towel	sack	1	0
	Bed Sheet	pcs	50	175
	Blanket	pcs	11923	3177
	Bucket	pcs	3070	674
	Carpet	pcs	94	10
	Chopping Board	pcs	0	2
	Dadu	pcs	1	2
	Dekchi	pcs	260	52
	Mattress	pc	1808	565
	P-Foam	pcs	1718	1409
	Pillow	pcs	2064	481
	Pressure Cooker	box	200	0
	Pressure Cooker	pcs	62	151
	Sirani	pcs	294	2
	Torch Light	pcs	915	40
	Utensils& Miscellaneous	set	125	0
Other / Specialized	Children Stress Relief Kits	set	3349	229
	Personal Hyegine Kit	set	325	3
	Sugar	kg	500	0
Protection & Dignity	Baby Blanket	pcs	333	0
	Dignity Kit	packet	300	1
Search & Rescue	STATIC ROPE (100M)	pcs	12	0

Category	Product	Unit	Total In	Total Out
Shelter & Settlement	Dasana	pcs	1419	42
	Sleeping bag	pcs	925	200
	Tarpaulin	pcs	5463	746
	Tarpaulin Rope	pcs	735	0
	Kitchen Set	set	1870	250
	P Foam	pcs	1130	729
	PorTabletle Toilet	pcs	200	0
	Tent	set	99	9
WASH	Bathing Soap	pcs	11787	1679
	Children Kit	pcs	470	0
	Chlorine Solution	pcs	19	0
	Dignity Kits	pcs	150	0
	Dignity Kits	set	505	254
	Dish Washing Soap	pcs	83	184
	Drinking water	Bottles	2683	502
	Hygiene Kit	set	4897	79
	Mosquito Net	pcs	1828	158
	Mothers Kit	piece	40	1
	Water Guard	pcs	4	0
	Water purification Tablet	Tablet	0	500
	Water purifier	pcs	1102	10
	Sanitary Pad	box	12	1
	Sanitary Pad	Pack	80	0
	Sanitary Pad	pcs	1256	0
	Sanitary Pad	pcs	454	0
	Sanitary Pad	sack	2	2
	Sanitizer	pcs	3411	25



रसुवा-भोटेकोशी खोज तथा उद्धार प्रतिकार्य


सुरुङ उद्धार



अस्थायी आवास



सञ्चार पुनर्स्थापना



तुइन जडान



राहत व्यवस्थापन र वितरण



हेली उद्धार तथा राहत



ज्याफ्ट खोज तथा उद्धार



संयुक्त खोज तथा उद्धार अभियान



भग्नावशेष हटाउने कार्य



नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

पोष्ट बक्स नं. २१३२१३
NEOC टोल फ्री: १२३४
टेलिफोन: ०१-४२११५३५, ०१-४२१११९७, ०१-१४२११४६७
इमेल: info@bipad.gov.np, ndrrma@gmail.com
वेब लिङ्क: www.ndrrma.gov.np